नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर, नेपाल

(.................................... शाखा)

प.सं.: 079/80
च.नं.: 338

मितिः २०७९।०८।२५

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

विषय: सार्वजनिक सूचना सम्बन्धमा ।

प्रस्तुत विषयमा यस परिषदका कार्यक्रम कार्यान्वयन सम्वन्धी तेश्रो पक्ष मूल्याङ्कन गर्न आवेदन पेश गर्ने सम्वन्धमा अन्य व्यहोरा यसैसाथ संलग्न गरी सूचना जारी गरिएको व्यहोरा अनुरोध छ ।

2079/8/25

रमाकान्त शर्मा

प्रशासकीय प्रमुख

NYC
राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

## तेस्रो पक्ष मुल्याङ्कनकालागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना

युवाहरुको हक हितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणकालागि सक्षम नागरिक तयार गर्न र युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्मका आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने आवश्यक भएकोले राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार एउटा स्वायत्त सस्थाको रुपमा राष्ट्रिय युवा परिषद्को स्थापना भएको हो ।

नेपाली युवाहरुलाई सबल प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने दूरदृष्टीका साथ युवा विकासकालागि दीर्घकालिन रणनीति युथ भिजन २०२५ ले परिकल्पना गरेको गुणस्तरीय र ब्यवसायिक शिक्षा, रोजगारी, उद्यम शीलता र सीपविकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन सहभागिता र नेतृत्व विकास, खेलकुद र मनोरन्जन गरी पाँच आधार स्तम्भमा केन्द्रित रही आफ्ना कार्यक्रम र क्रियाकलापहरु तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ ।

राष्ट्रिय युवा परिषद्ले आफ्नो स्थापना काल देखि नै युवाका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको सन्दर्भमा यस निकायबाट सम्पादित समग्र कार्यक्रमहरुको तेस्रो पक्षबाट मूल्याङ्कन गराई परिषद्लाई अझ सशक्त तुल्याउन आवश्यक भएकाले देहाय अनुसारको कार्यशर्तका आधारमा अनुसन्धानमुलक मूल्याङ्कन गर्न इच्छुक तपशिल बमोजिमको योग्यता भएका संघ सस्था वा फर्मबाट आशय पत्र १५ दिनभित्रमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

कार्यशर्तहरु:

परिषदबाट सम्पादन भएका कार्यक्रमहरुको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने ।

संस्थाको योग्यता:

अनुसन्धानमा संलग्न हुने परामर्शदाता संस्था नियमानुसार दर्ता भई कम्तिमा पाँच वर्षको अनुसन्धानको क्षेत्रमा काम गरेको अनुभव भएको हुनुपर्ने छ । चालु आ.व. २०७९/८० मा अनुसन्धान लगायतका परामर्श सेवा दिने उद्देश्यले राष्ट्रिय युवा परिषद्मा नियमानुसार सूचीकृत हुनुपर्ने। व्यक्तिको हकमा मुल्य अभिवृद्धि करमा दर्ता भएको र अनुसन्धानको क्षेत्रमा काम गरेको कम्तिमा १० वर्षको अनुभव भएको हुनुपर्ने छ ।

अध्ययनमा संलग्न व्यक्ति र योग्यता देहायानुसारको हुनुपर्ने

- **अध्ययन समूहको नेतृत्व गर्ने व्यक्तिः** विद्यावारिधि गरी कम्तिमा पाँच वर्षको अनुसन्धान कार्यमा काम गरेको वा कम्तिमा दुईवटा अनुसन्धानको नेतृत्व गरेको अनुभव भएको हुनुपर्ने ।
- **अनुसन्धान कर्ताः** कम्तिमा स्नातकोत्तर तहको अध्ययन पुरा गरेका र कम्तिमा दुईवर्षको अनुसन्धान कार्यमा काम गरेको अनुभव भएका कम्तिमा २ जना (माथिल्लो योग्यतालाई प्राथमिकता दिइने) ।
- **तथ्याङ्क विज्ञः** तथ्याङ्क शास्त्र विषय लिई कम्तिमा स्नातकोत्तर तह पुरा गरेको अनुसन्धान कार्यमा तथ्याङ्क विश्लेषण गर्ने कार्य गरेको कम्तिमा दुईवर्षको अनुभव भएको १ जना (माथिल्लो योग्यतालाई प्राथमिकता दिइने) ।
- अन्य जनशक्ति आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने ।

२०६५।१०।२८

प्रशासकीय प्रमुख